मूल्य अभिवृद्धि कर
र
होटल व्यावसाय

आन्तरिक राजस्व विभाग

लाजिम्पाट काठमाण्डौं

आश्विन २०५८

मूल्य अभिवृद्धि कर र होटेल व्यवसाय

१. मूल्य अभिवृद्धि कर के हो ?

मूल्य अभिवृद्धि कर वस्तु र सेवामा आधारित कर हो । यो विक्रीकरको परिस्कृत रूप हो । यो कर वस्तु तथा सेवाको उत्पादन तथा वितरण प्रकृया अन्तर्गतका हरेक तहमा हुने मूल्य अभिवृद्धिमा लाग्दछ।

२. कस्ता वस्तु र सेवामा मूल्य अभिवृद्धि कर लाग्दछ ?

कानूनमा उल्लेख गरि छुट दिए वाहेकका सबै प्रकारका वस्तु र सेवामा मूल्य अभिवृद्धि कर लाग्दछ । त्यसकारण मूल्य अभिवृद्धि करले आयातीत तथा स्वदेशमै उत्पादीत सबै प्रकारका वस्तु र सेवालाई समेटेको हुन्छ।

३. होटेलले प्रदान गर्ने सेवामा मूल्य अभिवृद्धि कर लाग्छ ?

हो, होटेलको आवास, खाना, फोन, टुर आदि सम्बन्धी वीलमा मूल्य अभिवृद्धि कर लाग्दछ।

४. मुद्रा विनीमय कारोवारमा मूल्य अभिवृद्धि कर लाग्छ ?

अहं, लाग्दैन । मुद्रा विनीमय कारोवारलाई कर छुट गरिएको छ।

५. के सबै होटेलहरू मूल्य अभिवृद्धि करको प्रयोजनको लागि दर्ता हुन जरूरी छ ?

हो, कर योग्य कारोवारको लागि तोकिएको सिमा (थ्रेसहोल्ड) भन्दा बढीको वार्षिक कारोवार हुने होटेलहरू मूल्य अभिवृद्धि करमा दर्ता हुनै पर्दछ।

६. कर योग्य कारोवारको लागि तोकिएको सिमा भनेको के हो ?

वार्षिक कारोवार कुनै निश्चित रकम भन्दा घटी भएका साना होटेलहरूले मूल्य अभिवृद्धि कर अन्तर्गत दर्ता हुनु पर्दैन । यस प्रयोजनको लागि तोकिने रकम नै कर योग्य कारोवारको सिमा (थ्रेसहोल्ड) हो।

७. मूल्य अभिवृद्धि कर कानून अन्तर्गत कर योग्य कारोवारको सिमा कति कायम गरिएको छ ?

कर योग्य कारोवारको सीमा रू. २० लाख कायम भएको छ।

८. रू. २० लाख भन्दा कम वार्षिक कारोवार गर्ने साना होटेलहरू होटेल कर ऐन अन्तर्गत नै दर्ता भै राख्न जरूरी छ कि ?

छैन, मूल्य अभिवृद्धि कर लागू भएपछि होटेल कर स्वत: खारेज हुने हुंदा साना होटेलहरूले होटेल करको लागि दर्ता भै राख्नु पर्दैन।

९. यस्को मतलव ठूला होटेलहरूले पनि होटेल कर तिर्न पर्दैन त ?

हो, तिर्नु पर्दैन। मूल्य अभिवृद्धि कर लागू भएपछि ठूला होटेलले पनि होटेल कर तिर्नु पर्दैन।

१०. रू. २० लाख भन्दा कम वार्षिक कारोवार हुने साना होटेल र रेष्टुराहरू मूल्य अभिवृद्धि करको लागि दर्ता हुन सक्छन् ?

कर योग्य कारोवारको लागि तोकिएको सिमा (रू. २० लाख) भन्दा कम वार्षिक कारोवार गर्ने होटेलहरू पनि स्वेच्छाले दर्ता हुन त सक्छन्, तर तिनीहरूलाई दर्ता हुन अनिवार्य छैन।

११. मूल्य अभिवृद्धि कर लागू भएपछि होटेलले आफ्नो खरीदमा विक्रीकर तिर्न जरूरी हुन्छ ?

हुदैन, विक्रीकरलाई मूल्य अभिवृद्धि करले प्रतिस्थापित गर्ने हुंदा होटेलहरूले आफ्नो खरीदमा विक्रीकर तिर्नु पर्दैन।

१२. आफ्नो मौज्दातमा रहेको वस्तु खरीद गरेका वखत होटेलले तिरेको मूल्य अभिवृद्धि कर दावी गर्न सक्छ ?

सक्छ । मूल्य अभिवृद्धि करमा दर्ता भएका होटेलले मूल्य अभिवृद्धि कर नियमावली वमोजिम दर्ता भएको समय देखि विगत एक वर्षमा मूल्य अभिवृद्धि कर तिरेको भएमा तोकिएको प्रकृया पु-याई आफ्नो मौज्दातमा तिरेको मूल्य अभिवृद्धि कर कट्टी गर्न सक्छ।

१३. मूल्य अभिवृद्धि कर प्रयोजनको लागि कस्तो अभिलेख राख्नु पर्छ ?

होटेलले खरीद खाता, विक्री खाता र मूल्य अभिवृद्धि कर लेखा राख्नुपर्छ।

१४. मूल्य अभिवृद्धि कर लेखा भनेको के हो ?

हरेक कर अवधिमा होटेलले आफ्नो विक्रीमा उठाएको कर र खरीद वा आयातमा तिरेको करको जम्मा जम्मीको सारांश नै मूल्य अभिवृद्धि कर लेखा हो।

१५. होटेलले अभिलेख कति सम्म सुरक्षित राख्नु पर्दछ ?

आफ्नो कारोवारको अभिलेख ६ वर्ष पछि सम्म सुरक्षित राख्नु पर्दछ।

१६. कस्तो कर अवधिको अवलम्वन गरिनु पर्छ ?

अन्य करदाता सरह होटेलले पनि मासिक कर अवधिको अवलम्वन गर्नु पर्छ। यस्को मतलव उनीहरूले मासिक कर विवरण पेश गर्नु पर्दछ। तर कर योग्य कारोवारको सिमा भन्दा तलको कारोवार गर्ने स्वेच्छाले दर्ता भएका करदाताले भने चौमासिक कर विवरण पेश गर्न सक्दछन्। आर्थिक विधेयक २०५८ ले होटेल तथा पर्यटन व्यवसायीले चाहेमा कर अवधि दुई महिना कायम गर्न सकिने व्यवस्था गरेको छ। तर यो सुविधा लिनको लागि आन्तरिक राजस्व कार्यालयवाट स्वीकृति लिनु पर्दछ।

१७. कर वीजक भनेको के हो ?

मूल्य अभिवृद्धि कर कर विजकमा आधारीत कर हो। दर्ता भएको होटेलले अर्को दर्तावाला करदातालाई कर योग्य आपूर्ति/विक्री गर्दा कर वीजक दिनु पर्छ। कर वीजक भन्ने शब्द वीलको मुख पृष्टमा स्पष्टसंग उल्लेख गरिदिनु पर्दछ। यस्तो वीजक तीन प्रति वनाउनु पर्छ। पहिलो प्रति खरीदकर्तालाई दिने, दोस्रो प्रति कर अधिकृतले मागेका वखत (कुनै पनि वेला माग्न सक्छ) पेश गर्ने, र तेस्रो प्रति होटेलले आफ्नो अभिलेखमा राख्नु पर्छ।

१८. हरेक विक्रीको कर वीजक दिनै पर्छ ?

पर्दैन । दर्ता नभएका खरीदकर्तालाई कर वीजक दिनु पर्दैन । कर समेत रू. ५०००। भन्दा घटीको विक्रीमा संक्षिप्त कर विजक जारी गर्न सकिन्छ।

१९. विदेशी मुद्रामा भुक्तानी पाइने अवस्थामा होटेलले कस्तो वील/वीजक दिनु पर्छ ?

यदि परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पाउने हो भने भुक्तानी पाएको दिनको लागि नेपाल राष्ट्र बैंकले तोकेको विनिमय दरको आधारमा नेपाली मुद्रामा परिवर्तन गरेर वीजक वनाउनु पर्छ।

२०. मूल्य अभिवृद्धि कर विवरण भनेको के हो ?

कुनै एक कर अवधिमा होटेलले गरेको खरीद/आयात र विक्री, सो मा तिरेको कर, आफ्नो विक्रीबाट उठेको कर तथा तिर्नु पर्ने करको विस्तृत विवरण देखाइने कागजात नै कर विवरण हो।

२१. कारोवार नभएको विवरण (शून्य विवरण) भनेको के हो ?

कुनै कर अवधिमा होटेलले कुनै पनि खरीद, विक्री गरेको छैन, र खरीदमा तिरेको कर दावी गर्नु छैन र विक्रीमा उठेको कर तिर्नु पर्ने छैन भने त्यस्तो अवस्थामा पनि होटेलले म्याद भित्रै कारोवार नभएको विवरण आन्तरिक राजस्व कार्यालयमा दर्ता गर्नु पर्छ । हरेक करदाताले म्याद भित्र कर विवरण दर्ता गर्नुपर्ने नियमको पालना भएको छ भन्ने प्रमाण स्वरूप कारोवार र कर शून्य देखाएर दर्ता गर्ने विवरण नै कारोवार नभएको विवरण (शून्य विवरण) हो।

२२. मूल्य अभिवृद्धि कर विवरण कहिले पेश गर्नु पर्छ ?

मूल्य अभिवृद्धि करमा दर्ता भएको होटेलले कर अवधि सकिएको दिन देखि २५ दिन भित्र कर विवरण पेश गर्नु पर्छ।

२३. मूल्य अभिवृद्धि कर विवरण साथ के के कागजात पेश गर्नु पर्छ ?

वील वीजकका प्रतिलिपि तथा अन्य कुनै कागजातहरू विवरण साथ पेश गर्न जरूरी छैन । होटेलले खाली एकपाने विवरण पेश गरे पुग्छ।

२४. खरीदमा तिरेको कर भनेको के हो ?

होटेलको व्यवसायीक कारोवारसाग सम्बन्धित वस्तु वा सेवा खरीद वा आयात गर्दा तिरेको कर नै खरीदमा तिरेको कर हो । कर योग्य व्यवसायको लागि प्रयोग हुने कच्चा माल, विक्री गरिने वस्तु, अफिस सामाग्रि, टेलिफोन सेवा आदि खरीद गर्दा तिरेको करहरू नै यसमा समावेश गरिन्छ।

२५. विक्रीमा लागेको कर भनेको के हो ?

वस्तु वा सेवाको आपूर्ति (विक्री) मा लागेको कर नै विक्रीमा लागेको कर हो।

२६. कर कट्टी भनेको के हो ?

मूल्य अभिवृद्धि कर अन्तर्गत कुनै दर्तावाला होटेलले कर योग्य व्यवसायिक सामान वा सेवा खरीद गर्दा कर तिर्नु पर्छ। त्यस्तो पहिले तिरेको करलाई होटेलले विक्रीमा संकलन गरेको करबाट कट्टा गरिन्छ, र यसैलाई नै खरीदमा तिरेको कर कट्टी भनिन्छ । अर्थात, खरीदमा तिरेको कर कट्टी अन्तर्गत होटेलले मौज्दातमा तिरेको कर, कच्चा मालमा तिरेको कर, अर्ध प्रशोधित तथा अन्य व्यवसायीक खर्चमा तिरेको कर पर्दछ तर यी खरीद तथा खर्च करयोग्य वस्तु वा सेवामा मात्र प्रयोग भएको हुनु पर्नेछ।

२७. खरीदमा तिरेको कर कट्टी गर्ने प्रक्रिया के हो ?

हरेक दर्तावाल होटेलले महिनाको अन्त्यमा कर विवरण तयार गर्नै पर्छ। यसरी तयार गर्ने विवरणमा होटेलले त्यस महिनामा तिरेको कर (खरीदमा तिरेको) र संकलन गरेको करको जोड निकाल्छ। अनी उसले विक्री गर्दा उठाएको करबाट आफूले खरीद गर्दा तिरेको कर घटाउंछ। यस प्रकारले कर विवरण तयार गर्ने अवस्थामा स्वत: कर कट्टी गरिएको हुन्छ।

२८. संकलन गरेको कर भन्दा तिरेको कर बढी भयो भने के हुन्छ ?

यदि संकलन गरेको कर भन्दा तिरेको कर बढी भयो भने त्यस्तो व्यवसायीले आगामी महिनामा तिर्नु पर्ने करमा कट्टा गर्न पाउने गरी खरीदमा तिरेको कर कट्टाको सुविधा पाउंछ।

२९. होटेलको हकमा कर फिर्ताको अवस्था कतिवेला सृजना हुन्छ ?

लगातार ६ महिनासम्म विक्रीमा तिर्नु पर्ने कर भन्दा खरीदमा तिरेको कर बढी बढी हुंदै आयो भने कर फिर्ताको अवस्था सृजना

हुन्छ। फिर्ता माग दाबी गरेको मितिले ६० दिन भित्र भुक्तानी नदिएमा मूल्य अभिवृद्धि कर ऐनको दफा २४ (छ) बमोजिम ब्याज समेत फिर्ता पाउने व्यवस्था छ।

३०. खरीदमा तिरेको पुरै कर कट्टी हुन सक्छ ?

सक्छ, हवाईजहाज र अटोमोवाइलमा तिरेको करको ४० र अन्य कर योग्य कारोवारमा प्रयोग भएको खरीदमा तिरेको पुरै कर कट्टी गर्न पाईन्छ। तर होटलमा Duty मा रहेका कर्मचारीअरूलाई खाना खुवाइएकोमा (Duty Meal) सो हदसम्मको कर कट्टी दिइने छैन।

३१. होटेलले खरीदमा तिरेको कर कट्टा गर्न के कस्ता शर्तहरू पूरा गर्नु पर्छ ?

खरीदमा तिरेको कर कट्टी गर्न होटेलसंग कर वीजक हुनै पर्छ।

३२. करको भुक्तानी कहिले गर्नु पर्छ ?

महिना भुक्तान भएको २५ दिन भित्र करको भुक्तानी गरि सक्नु पर्छ।

३३. होटेलले मूल्य अभिवृद्धि कर तिरेन भने के हुन्छ ?

कर दायित्व सृजना भएको एक महिना सम्म ५ प्रतिशत शुल्क र त्यसपछि अर्को ५ प्रतिशतका दरले थप शुल्क लाग्छ। समयमा कर नतिरेमा कडा दण्ड र सजाय हुन सक्ने हुंदा होटेलले मूल्य अभिवृद्धि कर समयमै तिर्नु राम्रो हुन्छ।

मूल्य अभिवृद्धि कर सम्बन्धी प्रकाशनहरू

क. नेपाली

१. मूल्य अभिवृद्धि कर : एक संक्षिप्त परिचय
२. मूल्य अभिवृद्धि कर : जिज्ञासा र समाधान
३. मूल्य अभिवृद्धि कर सम्बन्धी केही प्रश्न र जवाफ
४. मूल्य अभिवृद्धि कर दर्ता
५. मूल्य अभिवृद्धि कर अभिलेख तथा लेखा
६. मूल्य अभिवृद्धि कर विवरण भर्ने तरिका
७. मूल्य अभिवृद्धि कर तथा आयात निर्यात व्यापार
८. मूल्य अभिवृद्धि कर तथा होटेल व्यवसाय
९. मूल्य अभिवृद्धि कर प्रशासन : एक परिचय
१०. कर कट्टी र कर फिर्ता सम्बन्धी प्रक्रिया
११. मूल्य अभिवृद्धि कर निरीक्षण सम्बन्धी व्यवस्था
१२. मूल्य अभिवृद्धि कर र व्यापारिक समुदाय
१३. मूल्य अभिवृद्धि कर तथा उपभोक्ता
१४. मूल्य अभिवृद्धि कर र ट्राभल एजेन्सी व्यवसाय
१५. भ्याट तिरौं : देश विकासमा सहभागि बनौं
१६. विल लिने दिने गरौं : भ्याटलाई सफल बनाऔं
१७. नयां दर्ता भएका करदाताले जान्नै पर्ने कुराहरू

B. English

18. Common Questions and Answers on Value Added Tax
19. VAT Registration
20. Completing the VAT Return
21. Keeping VAT Records
22. VAT and the Import Export Trade
23. VAT and the Hotel Industry
24. VAT Inspections
25. VAT Information for the Consumer
26. An Introduction to VAT Administration
27. Tax Credit and Tax Refund Procedure
28. VAT in a Nut Shell
29. VAT and the Business Community
30. VAT Refund for Diplomats, International Agencies & Foreign Added Projects